जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
## राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ अंक : २५२ २०८२ साल चैत्र २४ गते, मंगलबार Tuesday, Arp.– 07 2026 मूल्य रु. ५/- पृष्ठ : ४

# कंकाली मन्दिर क्षेत्रको गुठी जग्गा अतिक्रमण: निजीकरणतर्फ उन्मुख, इतिहास नै संकटमा





***संवाहक सम्वादाता**-२३चैत्र, कलैया*

सिम्रौनगढ नगरपालिका स्थित कंकाली मन्दिर आसपासको सार्वजनिक गुठी जग्गा तीव्र अतिक्रमणको चपेटामा परेर क्रमशः निजीकरण तर्फ उन्मुख भएको छ। स्थानीयका अनुसार बैल (गोरु) बजारका लागि प्रयोग हुँदै आएको करिब ३२ कट्ठा र तरकारी बजारका लागि छुट्याइएको करिब २५ कट्ठा जमिन अहिले साघुरिँदै मात्र होइन, कतिपय भाग व्यक्तिको नाममा दर्ता भइसकेको अवस्था छ।

विगतमा डेढ बिघा भन्दा बढी क्षेत्रफलमा फैलिएको बैल बजार र साँवा बिघा आसपास सञ्चालन हुने तरकारी बजार अहिले अतिक्रमणका कारण खुम्चिँदै गएका छन्। करोडौँ मूल्य पर्ने गुठीको जमिनमा निजी घर निर्माण, गोठ, खेत, करेसाबारि, नाद, गोबर गुइँठा राख्ने जस्ता गतिविधि बढ्दै गएका छन्। स्थानीयका अनुसार सुरुमा अस्थायी प्रयोगका रूपमा सुरु भएको अतिक्रमण अहिले स्थायी संरचना र लालपूर्जा निकाल्ने तहसम्म पुगेको छ।

"पहिले यहाँ खुला बजार लाग्थ्यो, अहिले त बाटोसमेत साँघुरो भएको छ," एक स्थानीयले भने, "केहीले कब्जा गरेपछि अरूले पनि देखासिकी गर्दै हडप्ने क्रम बढेको छ।" यसरी बजार क्षेत्र वरिपरिका सडकहरू साँघुरा हुँदै जाँदा आवतजावत र व्यापारिक गतिविधि समेत प्रभावित भएका छन्।

अझ गम्भीर पक्ष के छ भने, गुठीको नाममा रहेको जग्गा कसरी व्यक्तिको नाममा दर्ता भयो भन्ने विषयमा स्पष्टता छैन। स्थानीयवासीले मालपोत, नापी लगायतका निकाय बीचको मिलेमतो बिना यस्तो कार्य सम्भव नहुने आशंका गरेका छन्। गुठीको जमिन ऐतिहासिक, धार्मिक र सामुदायिक प्रयोजनका लागि छुट्याइएको भए पनि संरक्षण अभाव र कमजोर निगरानीका कारण भूमाफियाले योजनाबद्ध रूपमा कब्जा गर्दै लगेको आरोप छ।

यसले केवल जमिनको क्षेत्रफल घटाएको मात्र होइन, सिम्रौनगढको ऐतिहासिक पहिचानमाथि नै प्रश्न उठाएको छ। कंकाली मन्दिर

बाँकी तेस्रो पृष्ठमा

# ओली-लेखकलाई फेरि म्याद नथप्न सर्वोच्चको आदेश, अनुसन्धान टुंग्याएर प्रक्रिया अघि बढाउन निर्देशन

*काठमाडौं, चैत २३ –*

सर्वोच्च अदालत ले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक लाई फेरि म्याद थपेर हिरासतमा नराख्न आदेश दिएको छ। अदालतले बन्दी प्रत्यक्षीकरण रिट खारेज गरे पनि परमादेश जारी गर्दै तेस्रो पटक थपिएको म्यादभित्रै अनुसन्धान टुंग्याएर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न र सो समयपछि आवश्यक प्रक्रिया पूरा गरी रिहा गर्न निर्देशन दिएको हो।



न्यायाधीश विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले दिएको आदेशमा, चैत २१ गतेदेखि लागू भएको पाँच दिनको तेस्रो म्यादभित्र अनुसन्धान सम्पन्न गर्नुपर्ने उल्लेख छ। सो अवधिमा मुद्दा चल्ने-नचल्ने निर्णय हुन नसकेमा म्याद सकिएलगत्तै दुवै जनालाई हिरासत मुक्त गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाउन भनिएको छ। अदालतले रिट निवेदकहरूलाई गैरकानुनी रूपमा हिरासतमा राखिएको भन्न नमिल्ने ठहर गर्दै पनि थप म्याद नथप्ने निर्णयका लागि चार मुख्य आधार प्रस्तुत गरेको छ। पहिलो, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारीले उनीहरूलाई पहिले नै जिम्मा जमानीमा छाडेको तथ्यलाई अदालतले ध्यान दिएको छ। दोस्रो, दुवै जना हाल पारिवारिक शोक (आशौच) मा रहेको अवस्था उल्लेख गरिएको छ। तेस्रो, ओली त्रिवि शिक्षण अस्पतालमा विशेष चिकित्सकीय निगरानीमा उपचाररत रहेको अस्पतालको पत्रबाट पुष्टि भएको भन्दै स्वास्थ्य अवस्थालाई पनि आधार मानिएको छ। चौथो, दुवै जनाको बयान सरकारी वकिलमार्फत लिइसकिएको हुँदा थप हिरासत आवश्यक नरहेको निष्कर्ष अदालतले निकालेको हो।

यसअघि चैत १४ गते प्रहरीले भक्तपुरबाट ओली र लेखकलाई पक्राउ गरेको थियो। भदौ २३ मा भएको घटनासम्बन्धी छानबिन आयोगको सिफारिस र मन्त्रिपरिषद्को निर्णयपछि उनीहरूमाथि ज्यानसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको हो। जिल्ला अदालत काठमाडौं ले क्रमशः तीन पटक म्याद थप गर्दै अनुसन्धानका लागि समय दिएको थियो। सर्वोच्चको पछिल्लो आदेशसँगै अब अनुसन्धान निकायमाथि तोकिएको समयभित्रै प्रक्रिया टुंग्याउने दबाब बढेको छ भने दुवै उच्च-प्रोफाइल आरोपितको हिरासत अवधि लम्ब्याउने बाटो बन्द भएको छ।

# प्रहरी–पत्रकार सम्बन्ध र सुशासनको परीक्षा : बदलिनैपर्ने समय, टार्न नसकिने जिम्मेवारी

***"प्रहरी प्रशासन र सञ्चारमाध्यमबीच बढ्दो अविश्वासले सुशासन कमजोर बनाइरहेको छ। एकातिर प्रहरीको निष्पक्षतामाथि प्रश्न छ, अर्कोतिर मिडियामाथि स्वार्थको आरोप।***

***प्रेस काउन्सिल नेपाल जस्ता संयन्त्र हुँदाहुँदै दमन र दुरुपयोग दुवै अस्वीकार्य हुन्। अन्ततः, दुवैले आत्मसमिक्षा गरी पारदर्शिता र जिम्मेवारीमा फर्कनु आवश्यक छ–नत्र जनविश्वास झन् खस्किनेछ।"***



लेखक: पन्नालाल दास

लोकतान्त्रिक समाजमा दुईवटा महत्वपूर्ण स्तम्भ सधैं आमने सामने देखिन्छन्, सुरक्षा संयन्त्र र सञ्चारमाध्यम। एकातिर नागरिकको जिउधनको सुरक्षा, शान्ति-सुव्यवस्था र कानुन कार्यान्वयनको जिम्मा बोकेको प्रहरी प्रशासन छ; अर्कोतिर सत्य उजागर गर्ने, बेथिति विरुद्ध आवाज उठाउने र सत्तालाई जवाफदेही बनाउने दायित्व बोकेको मिडिया।

यी दुईबीचको सम्बन्ध सहकार्यमा आधारित हुनुपर्ने हो, तर व्यवहारमा धेरैपटक अविश्वास, द्वन्द्व र टकरावको रूप लिँदै गएको देखिन्छ। यस्ता समस्या बाराको परिवेशमा मात्रै नभई देश भरि देखिएको छ।

नागरिकका लागि न्याय खोज्ने पहिलो ढोका प्रहरी नै हो। कुनै पनि पीडित व्यक्ति जब अन्यायमा पर्छ, ऊ अदालत पुग्नुअघि प्रहरी प्रशासनमै पुग्छ। त्यसैले प्रहरीको व्यवहार, निष्पक्षता र संवेदनशीलता प्रत्यक्ष रूपमा राज्यप्रतिको जनविश्वाससँग जोडिएको हुन्छ। तर, पछिल्ला दिनहरूमा विशेषगरी तराई-मधेश क्षेत्रमा प्रहरीको भूमिकामाथि उठेका प्रश्नहरू गम्भीर छन्। खुला सिमानाको फाइदा उठाउँदै हुने चोरी, तस्करी र अवैध कारोबार नियन्त्रणमा कमजोरी देखिनु, कतिपय अवस्थामा मिलेमतोको आरोप लाग्नु, र अपराधीहरू नै संरक्षणमा रहेको जस्तो अनुभूति हुनु–यी सबैले राज्य संयन्त्रप्रतिको विश्वास कमजोर बनाएको छ।

अर्कोतर्फ, मिडियाको भूमिका पनि शुद्ध र निष्पक्ष रहन सकेको छैन भन्ने आलोचना बढ्दै गएको छ। पत्रकारिता केवल सूचना दिने माध्यम होइन, यो समाज परिवर्तनको संवाहक हो। तर जब पत्रकारिता आर्थिक प्रलोभन, विज्ञापनको दबाब वा व्यक्तिगत स्वार्थमा अल्झिन्छ, तब सत्य ओझेलमा पर्छ। "कुन कार्यालयबाट कति विज्ञापन आउँछ?" भन्ने हिसाबले समाचारको स्वरूप निर्धारण हुने प्रवृत्ति लोकतान्त्रिक मूल्यविपरीत हो। यसले मिडियालाई 'पहरेदार'बाट 'प्रचारक'मा रूपान्तरण गर्ने खतरा निम्त्याउँछ। र सतहमा देखिएको पनि छ।

यही पृष्ठभूमिमा प्रहरी र पत्रकार बीचको द्वन्द्वलाई बुझ्नुपर्छ। प्रहरी प्रशासन प्रायः सकारात्मक छवि निर्माणमा केन्द्रित हुन्छ र आलोचनालाई असहज रूपमा लिन्छ। उता, मिडियाको एउटा हिस्सा आलोचनालाई 'दबाब'को साधनका रूपमा प्रयोग गर्न खोज्छ। यस्तो अवस्थामा जब कुनै पत्रकारले वास्तविकता उजागर गर्छ, उसलाई सहयोग गर्नुको सट्टा उल्टै लक्षित गरिने, उजुरी हालिने, पक्राउ प्रक्रिया अघि बढाइने जस्ता घटनाहरू सार्वजनिक हुँदै आएका छन्। यसले अभिव्यक्ति

बाँकी तेस्रो पृष्ठमा

# सरकारी विज्ञापन नीतिविरुद्ध महासंघ र संचारमन्त्री बिच छलफल

***संवाहक सम्वादाता**-२३चैत्र, कलैया*

नेपाल पत्रकार महासंघ ले सरकारी विज्ञापन केवल सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन-प्रसारण गर्ने निर्णयप्रति कडा आपत्ति जनाउँदै तत्काल खारेज नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी दिएको छ।



महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको टोलीले सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिना लाई भेटी ज्ञापनपत्र बुझाउँदै उक्त निर्णयले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा धराशायी बनाउने र स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष दबाब सिर्जना गर्ने जनाएको छ। महासचिव रामप्रसाद दाहाल द्वारा हस्ताक्षरित ज्ञापनपत्रमा करिब ४ सयभन्दा बढी रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाइन मिडियाको अस्तित्व नै संकटमा पर्ने उल्लेख गरिएको छ। साथै, श्रमजीवी पत्रकारहरूको रोजगारीमा समेत गम्भीर असर पर्ने महासंघको चेतावनी छ।

महासंघले सरकारी विज्ञापन

बाँकी तेस्रो पृष्ठमा

# सिलिन्डर पड्किँदा रौतहटमा आगलागी, घर पूर्ण रूपमा नष्ट

***संवाहक सम्वादाता**-२३चैत्र, कलैया*

मौलापुर नगरपालिका-५ मछली बजार नजिक आइतबार राति ग्यास सिलिन्डर विस्फोट हुँदा भीषण आगलागी भएको छ। आगलागीका कारण स्थानीय जगदीश साहको फुसले बनेको घर पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आगलागीबाट घरभित्र रहेका लत्ताकपडा, अन्नपात (धान, गहुँ, चामल) लगायत करिब २ लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको छ। प्रत्यक्षदर्शीहरूका अनुसार सिलिन्डर पड्किँदा ठूलो आवाज आएपछि आसपासको क्षेत्र केही समय त्रासपूर्ण बनेको थियो।



घटनालगत्तै इलाका प्रहरी कार्यालय मौलापुरको टोली र स्थानीयवासीको सक्रियतामा आगो नियन्त्रणमा लिइएको थियो। यस घटनामा कुनै मानवीय क्षति नभएको प्रहरीले जनाएको छ। घर जलेपछि पीडित जगदीश साह दम्पती घरविहीन भएका छन्। उनीहरूको अस्थायी बसोबासको व्यवस्था मिलाइएको बताइएको छ। प्रहरीका अनुसार घटनाको कारणबारे थप अनुसन्धान भइरहेको छ भने पीडित परिवारका लागि राहत तथा क्षतिपूर्तिको माग गरिएको छ।

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

# विशेष महाधिवेशन:एमालेभित्रको असन्तोष कि रुपान्तरणको संकेत ?

नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्र विशेष महाधिवेशनको मागसँगै सुरु भएको हस्ताक्षर अभियान केवल आन्तरिक असन्तोषको अभिव्यक्ति मात्र होइन, यो पार्टीभित्र गहिरिँदो संरचनागत र नेतृत्वगत बहसको संकेत पनि हो। चुनावी परिणाम, विशेषगरी काठमाडौं उपत्यकामा देखिएको कमजोर प्रदर्शन, ले पार्टीको रणनीति, नेतृत्व शैली र संगठनात्मक प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ।

युवा नेताहरूको अग्रसरतामा सुरु भएको यो अभियानले एमालेभित्र पुस्तान्तरणको बहसलाई पुनः सतहमा ल्याएको छ। राजनीतिमा नयाँ सोच, नयाँ ऊर्जा र समयअनुकूल रणनीति आवश्यक हुन्छ भन्ने तर्क उनीहरूको छ। तर, प्रश्न उठ्छ–के विशेष महाधिवेशन नै यसको एकमात्र समाधान हो ? कि यो असन्तुष्टि व्यवस्थापन गर्न नसकिएको नेतृत्वप्रतिको दबाबको माध्यम मात्र हो ?

पार्टी विधानअनुसार विशेष महाधिवेशन बोलाउने स्पष्ट प्रावधान भए पनि त्यसको प्रयोग सधैं असाधारण परिस्थितिमा गरिने अभ्यास रहँदै आएको छ। त्यसैले अहिलेको मागलाई केवल प्रक्रियागत विषयका रूपमा मात्र नभई, नेतृत्वप्रतिको विश्वास संकटका रूपमा पनि बुझ्न आवश्यक छ। जब कार्यकर्तादेखि प्रतिनिधिसम्मको ठूलो हिस्साले नेतृत्वमाथि प्रश्न उठाउन थाल्छ, तब समस्या व्यक्तिमा मात्र सीमित रहँदैन, त्यो संरचना र कार्यशैलीमा समेत देखिन्छ। तर, कुनै पनि राजनीतिक दलमा परिवर्तनको प्रक्रिया केवल नेतृत्व परिवर्तनमा सीमित हुँदैन। नीति, कार्यदिशा, संगठनात्मक संस्कार र जनतासँगको सम्बन्ध पुनः परिभाषित नगरी केवल अनुहार फेर्दैमा दीर्घकालीन समाधान आउँदैन। एमालेले विगतमा पनि विभिन्न उतारचढाव पार गर्दै आफूलाई पुनर्संरचना गरेको इतिहास छ। अहिलेको चुनौती पनि त्यही क्षमताको परीक्षण हो। युवा नेताहरूको सक्रियता सकारात्मक संकेत हुन सक्छ, यदि त्यो संगठन सुदृढीकरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक अभ्यास सुदृढ गर्नतर्फ केन्द्रित हुन्छ भने। तर यदि यो केवल शक्ति संघर्ष र गुटीय प्रतिस्पर्धामा सीमित रह्यो भने, त्यसले पार्टीलाई झन् कमजोर बनाउने जोखिम रहन्छ। अन्ततः, विशेष महाधिवेशनको माग एमालेभित्रको संकटको लक्षण हो, समाधान होइन। समाधान त तब सम्भव हुन्छ, जब पार्टीले आत्मसमिक्षा गर्ने साहस, फरक मत सुन्ने संस्कार र समयअनुकूल रुपान्तरण गर्ने इच्छाशक्ति देखाउँछ। यही नै एमालेको आगामी राजनीतिक यात्राको निर्णायक आधार बन्न सक्छ।

# सुशासनको सामूहिक सङ्कल्प

**सरकारले गर्न लागेका राम्रा काममा प्रतिपक्षले पनि साथ सहयोग गर्नु पर्छ । सरकारले बाटो बिराएको बेला सजग गराउनु, समाधानका वैकल्पिक उपाय देखाएर राष्ट्रहितको माहोल बनाउनु, राष्ट्रिय गौरवलाई जोगाउने भूमिका निभाउनु प्रतिपक्षको प्रमुख दायित्व हो । सानातिना विषयमा होहल्ला मच्चाउनु राम्रो होइन । यो गरिमामय सदनमा शिष्ट भाषा प्रयोग गर्ने, मर्यादित ढङ्गले प्रस्तुत हुने गऱ्यो भने देशको गरिमा बढ्न थाल्ने छ ।**





डा. प्रेमराज न्यौपाने

प्रचण्ड गर्मीले छटपटिएको बेला शीतल वर्षा हुँदा आनन्द लाग्छ । उकुसमुकुस भएका देशवासी र विदेश पलायन भएका युवामा भर्खरै सम्पन्न निर्वाचनले शीतलता प्रदान गरेको छ । यो वेदनाले छटपटिएकी नेपाल आमाको पुकार पनि हो । माओवादी द्वन्द्वको त्रासदीपूर्ण वातावरण र रोजगारीका अवसर केही नहुनाले युवा पलाएन भएका हुन् । रोजगारीका अवसर अझै सिर्जना भई नसकेकाले पलायन हुने क्रम जारी छ । सरकारमा बस्नेहरू झुट, लुट, झगडा, सत्ताको हानथाप र भ्रष्टाचारमा लिप्त भएकै कारण जनता आजित भएका थिए । घरमा कुटपिट हुन थालेपछि बालबालिका घर छोडेर भाग्छन् । अरूको घरमा शरण लिन पुग्छन् । शरण दिनेले सानोतिनो काममा अल्झाएर राख्छ । हाम्रा होनहार युवा बाहिरी मुलुकका रोजगारीमा जान बाध्य छन् । पढालेखा प्रतिभाशाली युवा पलाएन भएपछि देशमा सिर्जनशील जनशक्तिको अभाव भएको छ । उर्वर फाँट बाँझो बसेका छन् । उद्योग कारखाना बन्द भएका छन् । सदाकाल यसै गरी रेलिङ भाँच्ने, टायर पोल्ने गऱ्यो भने पलायन हुने क्रम अझै तीव्र हुने छ । गलत गर्नेलाई सरकारले दण्ड दिनु पर्छ । गलत गर्नेलाई दण्ड दिनु हुँदैन भनेर नाराबाजी गर्नु गलत कार्य हो । आन्दोलन गर्ने नाराबाजी गर्नेले पनि दण्ड सजाय भोग्नु पर्छ ।

नेपाल हाम्रो साझा घर हो । हामी सबै यहीँ अटाएका छौँ । हामीले वातावरण बनायौँ भने हाम्रा युवा पनि यहीँ अटाउने छन् । हामीले विशाल घरलाई शान्त बनाउन सकेनौँ भने हामी सबैले अझै दुःख भोग्नुपर्ने छ । अब हामीले विकास निर्माणका काम बिनाझन्झट सहज रूपमा गर्ने वातावरण बनाउनु पर्छ । अवरोध गर्ने हुँदैन । अवरोध गर्न थाल्यो भने काम गर्ने वातावरण भत्किन्छ । नयाँ सरकारलाई काम गर्ने सहज वातावरण बनाइदिनु हामी सबैको कर्तव्य हो । सरकार नयाँ जोसजाँगर लिएर हिन्दु परम्परा अनुसार काम गर्न लागेको छ । सुशासन र विकासनिर्माणका काम गर्न कटिबद्ध देखिन्छ । अवरोध नगरी काम गर्ने वातावरण बनाइदिनु हामी सबैको दायित्व हो ।

### सञ्चार क्षेत्रको भूमिका

सञ्चार क्षेत्रले सरकारलाई काम गर्ने सहज वातावरण बनाइदिनु पर्छ । सरकारलाई अप्ठारो हुने कुरा गर्न हुँदैन । नचाहिने विषयमा बहस वा होहल्ला गर्नु हुँदैन । कसैलाई उचाल्ने कसैलाई थेचार्ने गर्नु हुँदैन । राष्ट्रहितका, राष्ट्रिय गोपनीयताका, संवेदनशील विषय राष्ट्रिय/अन्तर्राष्ट्रिय मामिलाका विषयलाई धेरै सार्वजनिक बनाउनु हुँदैन । राष्ट्रिय गौरवका गोप्य विषयलाई गोप्य नै राख्नु पर्छ । ठुलो स्वरले कराउने झगडा गर्ने, खोचे थाप्ने गर्नु हुँदैन । शिष्टता र सम्मानपूर्वक प्रश्नोत्तर गर्ने सभ्यताको विकास गर्नु पर्छ । के कुरा प्रसार गर्दा राष्ट्रको हित हुन्छ के गर्दा राष्ट्रको नोक्सान हुन्छ भन्ने विषयमा विचार गर्नु पर्छ । आक्रामकभन्दा शिष्ट र शालीन शैली अपनाई सदाचारको पालना गर्दै सञ्चार क्षेत्रलाई मर्यादित बनाउन जरुरी छ ।

### सरकारी कार्यप्रणाली

सरकार सानातिना बाधा अड्चनमा अलमलिनु हुँदैन । बलियो सरकार बनेको छ । नडगमगाई शान्त भएर निर्णय गर्दै जानु पर्छ । भ्रष्टाचार नियन्त्रणका साथै सदाचार प्रवर्धनका कार्यलाई सँगसँगै लिएर जानु पर्छ । विकासनिर्माणतिर ध्यान पुऱ्याउनु त्यत्तिकै जरुरी छ । प्रतिशोध, दण्ड र सजायतिर मात्र फोकस गर्न थाल्यो भने देश विकासतिर नभई द्वन्द्वतिर मोडिन्छ । भ्रष्टाचारीलाई कारबाही गर्नु राम्रो कुरा हो । समुन्नत राष्ट्रनिर्माणका लागि विकासनिर्माणको लहर आउन जरुरी हुन्छ । सबैभन्दा महत्वपूर्ण कुरा सदाचारको पालना गर्नु हो । हामी सबै अनुशासित हुन जरुरी छ, सबै सदाचारी हुन आवश्यक छ । देश विकासको महाअभियानमा फुटेर होइन जुटेर सबै सँगसँगै हिँड्नु अपरिहार्य छ ।

### सदाचारको पालना

विकसित मुलुकका कामदार कर्मचारी, आआफ्ना काममा व्यस्त हुन्छन् । फाल्टु कुरा गर्ने फुर्सद हुँदैन । काममा भएको मानिसले फोन रिसिभ गर्न पनि सक्दैन । काममा खटिएको मानिसलाई अर्को मानिसले फोन गर्न पनि आँट गर्दैन । हामी काममा खटिएका मानिस पनि अनावश्यक कुरा गरेर समय बिताइरहेका हुन्छौँ । राजनीतिका फाल्तु कुरा गरेर समय बिताउँछौँ । अब सबैले सदाचारको पालना गर्नु पर्छ । प्रत्येक पललाई उत्पादक बनाउनु पर्छ । सबैले राष्ट्रलाई आफ्नै घर जस्तो माया गर्नु पर्छ । जुनसुकै काम गर्दा पनि राष्ट्रको हितमा छ कि छैन भनेर विचार पुऱ्याउनु पर्छ।

### गौँथलीको प्रसङ्ग

घरमा गौँथलीले गुड लगाएर मैला गरेको देखेर मानिसलाई रिस उठ्यो पटक पटक भत्काउँदा पनि गौँथलीले गुड राख्यो । गौँथलीसँग मानिसलाई धेरै रिस उठ्यो । उसले गौँथलीको गुडमा आगो लगाइदियो । गुडमा आगो लगाउँदा मानिसको घर पनि जल्यो । गौँथलीको बास भत्काउँदा आफ्नो पनि बास भत्कियो । हामीले प्रतिशोध लिँदा वा अवरोध गर्दा अवरोध गर्नेको पनि नोक्सान हुन्छ । हामी सबैको एउटै साझा घर हो । अरूको भत्काउन खोज्दा आफ्नो पनि भत्किन्छ । अरूलाई साथ सहयोग गऱ्यो भने आफ्नो पनि कल्याण हुन्छ ।

### सदन र प्रतिपक्ष

सरकारले गर्न लागेका राम्रा काममा प्रतिपक्षले पनि साथ सहयोग गर्नु पर्छ । सरकारले बाटो बिराएको बेला सजग गराउनु समाधानका वैकल्पिक उपाय देखाएर राष्ट्रहितको माहोल बनाउनु राष्ट्रिय गौरवलाई जोगाउने भूमिका निभाउनु प्रतिपक्षको प्रमुख दायित्व हो । सानातिना विषयमा होहल्ला मच्चाउनु राम्रो होइन । यो गरिमामय सदनमा शिष्ट भाषा प्रयोग गर्ने, मर्यादित ढङ्गले प्रस्तुत हुने गऱ्यो भने देशको गरिमा बढ्न थाल्ने छ ।

### सार्वजनिक र व्यक्तिगत सम्पत्ति

सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति नाश गर्नु हुँदैन । हाम्रा सम्पदा पूर्वाधार भत्काउनु हुँदैन । सबै धनी भए भने बल्ल देश धनी बन्छ । धनीको डाहा गर्नु हुँदैन । ठुला उद्योगी देशका सपुत हुन् उनीहरूका उद्योगधन्दा व्यापार व्यवसाय तोडफोड गर्ने आगजनी गर्ने कार्य भयो । दसौँ हजारलाई रोजगारी दिएका, सेवा प्रदान गरेका यस्ता उद्यमी व्यवसायीमाथि प्रहार गर्नु हुँदैनथ्यो । उनीहरूको सम्पत्ति पनि राज्यकै सम्पत्ति हो । उद्योगधन्दा कलकारखानाबाट आमजनता नै लाभान्वित भएका थिए । उद्यमी व्यवसायीको मनोबल बढाउने उत्साहित गर्ने वातावरण हुनु पर्छ । सबैलाई धनी बन्ने अवसर दिनु पर्छ । गरिब बनाउने प्रयास गर्ने होइन । धनी बनेको देखेर डाहा गर्नु हुँदैन । मानिसमा गुण देख्ने आँखा चाहिन्छ । दोष देख्ने आँखा हुनु हुँदैन । शिष्ट भाषाको प्रयोग पनि महत्वपूर्ण हो । सबैतिर आक्रामक शैलीको विकास भएको छ । आक्रमण गर्ने शैलीलाई सरलता, सिष्टता र शालीनतामा रूपान्तरण गर्न जरुरी छ । राजनीतिज्ञ, प्रशासक, कामदार, शिक्षक, शिक्षिका र आमजनता सबैले सदाचारको पाठ सिक्नु पर्छ । सदाचारको तालिम लिनु पर्छ । कल्याणकारी राज्य र समाज निर्माणका लागि सबैले सदाचारको तालिम लिन अनिवार्य हुन्छ । यो महत्वपूर्ण मनोवैज्ञानिक पक्ष हो । गल्ती गरेपछि दण्ड दिनुभन्दा गल्ती नै नगर्ने मानसिकता विकास गर्नु जरुरी हुन्छ । कल्याण दिवस र कल्याण महोत्सव मनाउन थाल्यो भने स्वस्फूर्त सदाचारको विकास हुन थाल्ने छ ।

### आर्थिक तथा औद्योगिक पक्ष

देश समुद्ध बनाउन हामीसँग धेरै सम्पदा छन् । तिनीहरूको संरक्षण र संवर्धन गरी प्रयोगमा ल्याउन जरुरी छ । देश खर्बौंको ऋणमा डुबेको छ । ऋण मुक्त गराउन पहिलो आवश्यकता हो भने पुनः ऋण नलाग्ने उपाए अवलम्बन गर्नु अर्को महत्वपूर्ण पक्ष हो । राज्यका आय अनुरूपको खर्च तर्जुमा गरेर मितव्ययिता अपनाउन जरुरी छ । प्रादेशिक संरचना समानुपातिक पद्धति संसद्को ठुलो आकारले देशलाई ठुलो व्ययभार थपेको छ । यो खर्च देशलाई धान्न मुस्किल परेको छ । आउँदा दिनमा यसमा पुनर्विचार हुन जरुरी छ । आयमूलक पुराना कारखाना उद्योगधन्दा पुन सञ्चालनमा ल्याउन फलदायी हुने छ ।

रोजगारीका अवसर सिर्जना गर्न खनिज द्रव्यको उत्खनन प्रभावशाली हुने छ । पर्यटन व्यवसाय आर्यआर्जनको महत्वपूर्ण पक्ष हो । यहाँ वनसम्पदा, जलसम्पदा, धार्मिक सम्पदा, प्राकृतिक सम्पदा आदिको कमी छैन । पर्यटन प्रवर्धन गर्न स्थिरता र शान्ति अपरिहार्य छ । सुन खानी, फलाम खानी, युरेनियम खानी, तामा खानी, प्रेसियस ढुङ्गा खानी, मार्बल खानी, ग्रेनाइट खानी, ग्यास तथा पेट्रोलियम खानीको कमी छैन । देशमा खनिज द्रव्यको कमी नभएकाले उत्खननमा लाग्न जरुरी छ । कतिपय डाँडा पूरै फलामले ढाकिएका छन् भने कुनै ठाउँमा सुन खानी युरेनियम खानी रहेका छन् । पुराना दिनमा यिनै खानीबाट फलाम झिकेर बनाएका पुल अहिले पनि मौजुद छन् ।

सुनखानी हुँदै बगेका हाम्रा नदीमा बालुवा चाल्दा सुन निस्कन्छ । सुनखानी उत्खलनबाट रोजगारी सिर्जना हुन्छ । युरेनियम त्यत्तिकै बहुमूल्य धातु हो । यो पनि प्रशस्त मात्रामा पाइने अध्ययनबाट प्रस्ट भइसकेको छ । प्रेसियस ढुङ्गाखानी, मार्वलखानी, ग्रेनाइट खानी पनि प्रशस्त छन् । मार्बल ग्रेनाइट बाहिरबाट ल्याउने गरिएको छ । खनिज द्रव्यको उत्खनन, प्रशोधन र बिक्रीवितरणबाट देशमा ठुलो धनराशि प्राप्त हुने छ । यही धनराशिबाट विकास निर्माणका ठुला ठुला योजना सञ्चालन गर्न सकिने छ । विदेश पलायन भएका र जान लागेका युवा देशमा उद्योगधन्दा खुलेपछि, द्वन्द्व र आतङ्कको वातावरण शान्त भएपछि स्वदेशमै रमाएर बस्न थाल्ने छन् । जडीबुटी उत्पादन, प्रशोधनलगायतका अन्य उद्योगको पनि विकास गर्न सकिने प्रबल सम्भावना छ । विदेशतिर आकर्षित भएको युवाको मन स्वदेशतिर फर्काउन सकियो भने नेपालको मुहार हसिलो बनाउन धेरै समय लाग्ने छैन । आगामी दिनमा देश निर्माण सबैले हातेमालो गरौँ । झैझगडा, द्वन्द्व र आतङ्कलाई बिर्सेर सदाचारको पालना गरौँ । सरकारलाई काम गर्ने सहज वातावरण बनाइदिउँ । सदाचारको पालना गर्दै इमानदार बफादार भएर राष्ट्रनिमार्णमा योगदान गरौँ ।

विवेक भ्रष्ट भएपछि पटक पटक गल्ती हुन्छन् । गल्ती छोप्ने बहानामा अरू धेरै गल्ती हुन थाल्छन् । राम्रा कामको थालनीबाट राम्रा कार्यको बढोत्तरी हुन्छ भने गलत कामबाट गलत कामको । शिवको जटाबाट हिमालय हुँदै तल तल गएकी गङ्गा नदी सागरमा पुगेपछि अस्तित्व समाप्त भए जस्तै गलत काम गर्न थालेपछि मानव पनि ओरालो लाग्छ । सयौँ गल्ती गर्दै जान्छ र अस्तित्व समाप्त बनाउँछ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## ऊर्जा महँगीको चपेटामा श्रीलङ्का, ग्यास मूल्यमा ठूलो वृद्धि

मेलबर्न, चैत २३ गते । मध्यपूर्वमा जारी द्वन्द्वको प्रत्यक्ष असर झेल्दै श्रीलङ्काले घरेलु तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) को मूल्य सोमबार झन्डै एक चौथाइले बढाएको छ । यसले आर्थिक रूपमा पुनःउत्थानको प्रयासमा रहेको देशमा थप दबाब सिर्जना गरेको छ । सरकारले विश्व बजारमा बढ्दो मूल्यलाई कारण देखाउँदै ग्यासको मूल्य वृद्धि गरेको हो ।

श्रीलङ्का पूर्ण रूपमा ग्यास र तेल आयातमा निर्भर रहँदै आएको छ भने विद्युत उत्पादनका लागि कोइला पनि बाह्य स्रोतबाट खरिद गर्नुपर्ने अवस्था छ । यस पृष्ठभूमिमा मध्यपूर्वमा लामो समयदेखि जारी युद्धले देशको अर्थतन्त्रलाई पुनः कमजोर बनाउने चिन्ता बढेको छ । सोमबार गरिएको मूल्य समायोजन गत महिना गरिएको आठ प्रतिशत वृद्धिपछि आएको हो, जसले निरन्तर बढ्दो ऊर्जा लागतको सङ्केत गरेको छ। घरेलु एलपिजी बजारको करिब एक चौथाइ हिस्सा ओगट्ने एक निजी कम्पनीले आफ्नो खुद्रा मूल्य चार हजार ६३० रुपियाँ (श्रीलङ्काली मुद्रा) बाट २३ प्रतिशतले बढाएर



पाँच हजार ७०० रुपियाँ पुर्याएको छ । राज्य स्वामित्वको प्रमुख आपूर्तिकर्ता लिट्रो ग्यासले १२.५ किलोग्राम सिलिन्डरको मूल्य तीन हजार ९९० रुपियाँबाट बढाएर चार हजार ७६५ रुपियाँ निर्धारण गरेको छ । यो १९.४२ प्रतिशतको वृद्धि हो । कम्पनीका प्रवक्ताले अप्रिल महिनाका लागि पर्याप्त आपूर्ति रहेको जानकारी दिँदै अन्तर्राष्ट्रिय बजारमा एलपिजीको मूल्य वृद्धि र ढुवानी खर्च बढ्नु नै मूल्य समायोजनको मुख्य कारण भएको बताएका छन् । यसअघि पनि इरानविरुद्ध अमेरिका-इजरायल आक्रमण र त्यसपछि भएको जवाबी कारबाहीका कारण विश्वव्यापी ऊर्जा बजार प्रभावित बनेपछि श्रीलङ्काले इन्धन र बिजुलीको मूल्य एक तिहाइभन्दा बढीले बढाएको थियो । विशेष गरी, विश्व ऊर्जा आपूर्तिको प्रमुख मार्ग मानिने होर्मुज जलडमरूमध्य द्वन्द्वका कारण प्रभावकारी रूपमा बन्द हुँदा कच्चा तेल र ग्यास आपूर्ति प्रभावित भएको छ । सामान्य अवस्थामा विश्वको करिब २० प्रतिशत ऊर्जा निर्यात यही मार्ग हुँदै हुने गर्छ ।

## राजनीतिक अस्थिरताबिच लिबियाको तेल उत्पादनमा सुधार

*त्रिपोली, चैत २३ गते ।*

लिबियाको कच्चा तेल उत्पादन बढेर दैनिक करिब १४ लाख ३० हजार ब्यारेल पुगेको छ, जुन पछिल्लो एक दशकयताकै उच्च स्तर भएको जनाएको छ । राष्ट्रिय तेल निगमका प्रमुख मसूद सुलेमानका अनुसार उत्पादनमा आएको यो वृद्धि देशको ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।

उहाँले हालै सम्पन्न एक बैठकमा जानकारी दिँदै फेब्रुअरी महिनामा तेल बिक्रीबाट प्राप्त आम्दानी २ अर्ब अमेरिकी डलरभन्दा बढी रहेको र उक्त रकम कुनै कटौती बिना पूर्णरूपमा सरकारी कोषमा जम्मा गरिएको बताउनुभयो, जुन पछिल्ला केही वर्षमा पहिलो पटक भएको उल्लेख गरिएको छ । यसले देशको आर्थिक पारदर्शिता र व्यवस्थापन सुधारतर्फ सङ्केत गरेको छ ।

सुलेमानका अनुसार विश्वव्यापी सङ्कटका बाबजुद देशभित्र इन्धन आपूर्ति स्थिर रहेको छ । साथै अल-शरारा तेल क्षेत्र को



निर्यात पाइपलाइनमा गरिएको मर्मत कार्य सम्पन्न भइसकेको र उत्पादन पुनः सामान्य अवस्थामा फर्किएको छ । यो तेल क्षेत्र लिबियाको सबैभन्दा ठुलो हो, जुन राजधानी त्रिपोलीबाट करिब ९०० किलोमिटर दक्षिणमा अवस्थित छ र दैनिक ३ लाख ब्यारेलभन्दा बढी उत्पादन क्षमता राख्छ ।

उहाँले थप स्पष्ट पार्दै तेल उत्पादनलाई स्थिर राख्न र अझ बढाउन विद्युत् आपूर्ति प्रणालीको स्थिरता तथा उत्पादन दक्षता सुधार अत्यावश्यक रहेको बताउनुभयो । लिबियाको अर्थतन्त्र मुख्य रूपमा तेल र ग्यास निर्यातमा निर्भर रहेको छ, तर द्वन्द्व र राजनीतिक अस्थिरताका कारण विगतमा बारम्बार उत्पादन र आपूर्तिमा अवरोध हुँदै आएको थियो । हालको उत्पादन वृद्धि लिबियाको आर्थिक पुनरुत्थान र ऊर्जा क्षेत्रको स्थायित्वतर्फको सकारात्मक सङ्केतका रूपमा हेरिएको छ ।

## कंकाली...

आसपासको क्षेत्र कहिल्यै सामुदायिक गतिविधि र बजार व्यवस्थापनको केन्द्रका रूपमा चिनिन्थ्यो, तर अहिले सार्वजनिक सम्पत्ति हराउँदै जाने क्रमले पुरानो संरचना, परम्परा र ईतिहास नै मेटिने खतरा बढेको छ।

स्थानीय सरकारमाथि भने निष्क्रियताको आरोप लागेको छ। पटक-पटक गुनासो गर्दा पनि अतिक्रमण हटाउने वा अवैध दर्ता छानबिन गर्ने ठोस कदम नचालिएको भन्दै नागरिक आक्रोशित छन्। “भोटको राजनीतिले गर्दा कसैले कडाइ गर्न सकेको छैन,” एक बासिन्दाले गुनासो गरे। सरोकारीहरूले अब ढिला नगरी नापजाँच, अवैध दर्ता खारेज, अतिक्रमण हटाउने अभियान र गुठी व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्ने सरोकारवाला संस्था, निकाय , स्थानिय सरकार प्रमुखसँग माग गरेका छन्। अन्यथा, सार्वजनिक सम्पत्तिसँगै यस क्षेत्रको ऐतिहासिक र सांस्कृतिक पहिचान समेत सदाका लागि हराउने खतरा रहेको चेतावनी दिइएको छ।

## सरकारी...

वितरणलाई पारदर्शी, समानुपातिक र न्यायोचित बनाउन माग गर्दै यस्तो निर्णयले खुला बजार अर्थतन्त्र र लोकतान्त्रिक मूल्य-मान्यताविपरीत असर पार्ने बताएको छ। साथै, यस्ता नीतिगत निर्णयअघि सरोकारवालासँग अनिवार्य परामर्श गर्नुपर्ने माग पनि राखिएको छ।

जवाफमा मन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रलाई निराश हुन नदिने र महासंघका मागप्रति सकारात्मक रहेको आश्वासन दिएका छन्। तर महासंघले माग सम्बोधन नभए आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने चेतावनी दोहोऱ्याएको छ।

## प्रहरी...

स्वतन्त्रतामाथि प्रत्यक्ष असर पार्छ। विशेषगरी गम्भीर चिन्ताको विषय के हो भने, समाचार वा पत्रकारिता सम्बन्धी विवादलाई आपराधिक रूपमा लिने प्रवृत्ति बढ्दो छ। जबकि यस्ता विषयहरू समाधान गर्ने स्पष्ट कानुनी संयन्त्रका रूपमा प्रेस काउन्सिल नेपाल रहेको छ। जघन्य अपराध बाहेकका विषयमा पत्रकारलाई आपराधिक मुद्दामा तान्ने अभ्यासले लोकतन्त्रको आधार कमजोर बनाउँछ र स्वतन्त्र प्रेसको अवधारणामाथि चोट पुऱ्याउँछ।

तर समस्या केवल प्रहरी प्रशासनमा सीमित छैन। पत्रकारिता क्षेत्रभित्रै पनि आत्मसमिक्षाको आवश्यकता छ। केही मिडियाकर्मीहरू सत्ताको नजिक रहन, आर्थिक लाभ लिन वा व्यक्तिगत सम्बन्ध सुदृढ गर्न सत्यलाई बङ्ग्याउने वा मौन बस्ने प्रवृत्तिमा देखिन्छन्। यसले सम्पूर्ण पत्रकारितामाथि प्रश्न उठाउँछ। जब नागरिकले मिडियामाथि विश्वास गुमाउँछन्, तब गलत सूचना, अफवाह र प्रचारले ठाउँ लिन्छ।

आजको युगमा नागरिक पहिलेभन्दा धेरै सचेत र सूचनामा पहुँच राख्ने भएका छन्। डिजिटल माध्यमले सूचना लुकाउन कठिन बनाएको छ। सामाजिक सञ्जालले हरेक गतिविधिलाई सार्वजनिक बहसको विषय बनाइदिएको छ। यस्तो अवस्थामा कुनै पनि निकायले पुरानो ढर्रामा चलिरहन खोज्नु असम्भव जस्तै भइसकेको छ।

अब प्रश्न स्पष्ट छ के हामी परिवर्तनका लागि तयार छौं ? प्रहरी प्रशासनले आफ्नो दायरा, अधिकार र जिम्मेवारीलाई स्पष्ट रूपमा आत्मसात गर्दै निष्पक्ष, पारदर्शी र जनमैत्री व्यवहार देखाउनु पर्छ। ‘पावर’ होइन, ‘सेवा’ भन्ने भावनाले काम गर्नुपर्छ। उता, पत्रकारिताले पनि आफ्नो मूल धर्ममा फर्किनु पर्छ ,सत्य, तथ्य र निष्पक्षता।

प्रहरी र पत्रकारबीचको सम्बन्ध टकराव होइन, उत्तरदायी सहकार्यमा आधारित हुनुपर्छ। मिडियाले प्रहरीको कमजोरी देखाउँदा त्यसलाई सुधारको अवसरका रूपमा लिनुपर्छ, न कि प्रतिशोधको कारण। त्यसैगरी, पत्रकारिताले पनि तथ्यहीन आरोप र दबाबको राजनीति त्याग्नुपर्छ।

अन्ततः, सुशासन कुनै एक पक्षको प्रयासले मात्र सम्भव हुँदैन। यो राज्य, मिडिया र नागरिकबीचको सामूहिक जिम्मेवारी हो। विश्वास गुमाउनु सजिलो हुन्छ, तर पुनः स्थापित गर्न समय र इमानदारी चाहिन्छ। त्यसैले अब विकल्प छैन्, न प्रहरी प्रशासनका लागि, न पत्रकारिताका लागि। बदलिनैपर्छ, सप्रिनैपर्छ, र जनविश्वास पुनः जित्नैपर्छ।

## मालपोत ...

छ। अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवाल र राष्ट्रिय अनुसन्धानका उप निर्देशक सरोज निरौला लगायतको सहभागिता रहेको थियो।मालपोत कार्यलय प्रमुख शालिकराम ढकालले निरिक्षणमा सहजिकरण गरेका थिए। प्रशासनले अब सार्वजनिक सेवामा सुधार ल्याउन निरन्तर अनुगमन र कडाइलाई प्राथमिकतामा राख्ने जनाएको छ। सेवाग्राहीलाई सहज, पारदर्शी र छिटो सेवा उपलब्ध गराउने लक्ष्यसहित यस्ता निरीक्षणलाई आगामी दिनमा थप विस्तार गरिने पनि बताइएको छ।

## निजी...

विपरीत अतिरिक्त शुल्क असुल गरेको पाइएमा त्यसलाई गैरकानुनी मानिनेछ। यस्तो अवस्थामा पहिलो पटक २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सकिनेछ भने पुनः दोहोरिएमा विद्यालयको अनुमति नै रद्द हुन सक्ने प्रावधान छ। साथै, अभिभावकबाट असुलिएको अतिरिक्त शुल्क फिर्ता गर्न पनि मन्त्रालयले स्पष्ट निर्देशन दिएको छ। नियम उल्लंघन गर्ने विद्यालयलाई प्रचलित कानुनअनुसार थप कारबाही हुने व्यवस्था छ।

यसैबीच, निजी विद्यालयहरूले अनिवार्य रूपमा छात्रवृत्ति प्रदान गर्नुपर्ने प्रावधान पनि कार्यान्वयनमा छ। विद्यार्थी संख्या अनुसार कम्तीमा १० देखि १५ प्रतिशतसम्म विद्यार्थीलाई निःशुल्क शिक्षा दिनुपर्ने हुन्छ। यसले आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीलाई शिक्षा पहुँचमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। समग्रमा, सरकारले निजी विद्यालयको शुल्क प्रणालीलाई व्यवस्थित, पारदर्शी र अभिभावकमैत्री बनाउन कडाइका साथ नियमन अघि बढाएको देखिन्छ।

## सुशासनका...

शासनको सन्दर्भमा साहले अनावश्यक भीड नियन्त्रण गर्न, ‘पञ्चायती शैली’ अन्त्य गरी विधिको शासन कायम गर्न र सीसीटीभीमार्फत निगरानी बढाउन आग्रह गरेका छन्। शुल्कसम्बन्धी विषयमा उनले सेवाग्राहीसँग अनावश्यक वा अत्यधिक शुल्क नलिन चेतावनी दिँदै सबै शुल्क विवरण सार्वजनिक गर्नुपर्ने बताएका छन्। सांसद साहको यो पहललाई स्थानीयस्तरमा सुशासन प्रवर्द्धनका लागि सकारात्मक कदमका रूपमा हेरिएको छ।

## मेयर रीना...

सक्रियता प्रशंसनीय ठहरिएको छ। स्थानीयवासीका अनुसार मेयर साहको कार्यशैली पारदर्शी, उत्तरदायी र परिणाममुखी रहेको छ। यही कारणले मौलापुर अहिले देशभर एक उदाहरणीय विकास मोडेलका रूपमा चिनिन थालेको छ। सम्मान प्राप्त गरेपछि मेयर साहले यस उपलब्धिलाई सम्पूर्ण मौलापुरवासीको साझा सफलता भएको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन्।

अनलाइनखबरले जारी गरेको सूचीमा राजनीति, समाज, कला, युवा, विज्ञान, उद्यम र डायस्पोराका ५० महिला समावेश छन्। निर्णायक मण्डलले माघ ८ गते ७ सयभन्दा बढी नामबाट यी ५० महिला छनोट गरेको थियो। सूचीको संयोजन सर्वोच्च अदालतकी पूर्वन्यायाधीश मीरा खड्का ले गरेकी थिइन्। अनलाइनखबरका प्रधानसम्पादक बसन्त बस्नेत का अनुसार, यो सूची महिलालाई सौन्दर्यको मात्र प्रतीक नभई संघर्ष र सफलताको रचयिता भएको प्रमाण पनि प्रस्तुत गर्छ। यस उपलब्धिले रौतहटसहित सम्पूर्ण मधेश प्रदेशको गौरव बढाएको स्थानीयहरूले बताएका छन्।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# मालपोत कार्यालयमा सिडिओको आकस्मिक अनुगमन, ढिलासुस्ती र बिचौलियाविरुद्ध कडाइ

***संवाहक सम्वाददाता**-२३चैत्र, कलैया*

सेवाग्राहीले सरकारी कार्यालयमा भोग्दै आएको ढिलासुस्ती र बिचौलिया सक्रियताप्रति गम्भीर चासो व्यक्त गर्दै बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले मालपोत कार्यालय कलैयामा आकस्मिक अनुगमन गरेका छन्। सोमबार गरिएको उक्त निरीक्षणमा सुरक्षा निकायका प्रमुखहरू समेत सहभागी भई सेवा प्रवाहको वास्तविक अवस्था बुझ्ने प्रयास गरिएको थियो।





अनुगमनका क्रममा कार्यालयभित्रको व्यवस्थापन, कर्मचारीको उपस्थितिदेखि सेवाग्राहीले पाउने सेवाको गति र गुणस्तरसम्मको मूल्यांकन गरिएको थियो। सेवाग्राहीसँग प्रत्यक्ष संवाद गर्दै उनीहरूले भोग्नुपरेका समस्या, अनावश्यक झन्झट र ढिलासुस्तीबारे जानकारी संकलन गरिएको थियो। सो अवसरमा सिडिओ मिश्रले कर्मचारीहरूलाई कानुनअनुसार छिटो र प्रभावकारी सेवा दिन निर्देशन दिँदै, सेवामा लापरबाही देखिए कडा कारबाही हुने चेतावनी दिएका छन्।

कार्यालय परिसरमा बिचौलियाको सम्भावित चलखेलबारे पनि विशेष निगरानी गरिएको थियो। सेवाग्राहीलाई भ्रममा पार्दै काम छिटो गराइदिने नाममा रकम असुल्ने गतिविधि नियन्त्रण गर्न प्रशासनले सक्रियता बढाएको संकेत दिएको छ। यस्ता अवैध क्रियाकलापमा संलग्न जो-कोहीलाई कारबाहीको दायरामा ल्याइने स्पष्ट पारिएको

बाँकी तेस्रो पृष्ठमा

# राष्ट्रिय सभाको उपाध्यक्षमा भण्डारी निर्विरोध निर्वाचित

२३ चैत, काठमाडौं –

लिलाकुमारी भण्डारी राष्ट्रिय सभाको उपाध्यक्षमा निर्विरोध निर्वाचित भएकी छिन्। राष्ट्रिय सभा को सोमबार बसेको बैठकले उनलाई सर्वसम्मत रूपमा उपाध्यक्ष पदमा चयन गरेको हो। बैठकमा सांसद प्रेमप्रसाद दंगालले प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मतिले पारित भएपछि नारायणप्रसाद दाहाल ले भण्डारी निर्विरोध निर्वाचित भएको घोषणा गरेका थिए। त्यस अवसरमा अध्यक्ष दाहालले नवनिर्वाचित उपाध्यक्षलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरे।



भण्डारी नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सांसद हुन्। उनी कांग्रेस, नेकपालगायतका प्रमुख राजनीतिक दलहरूको सहमतिमा निर्विरोध रूपमा उपाध्यक्ष पदमा चयन भएकी हुन्, जसले संसदभित्र सहकार्य र सहमतिपूर्ण राजनीतिक संस्कृतिको संकेत दिएको छ।

राजनीतिक जीवनमा अनुभवी भण्डारी यसअघि संविधान सभा सदस्य तथा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्रीको जिम्मेवारीसमेत सम्हालिसकेकी छिन्। उनको निर्विरोध चयनले राष्ट्रिय सभाको नेतृत्वमा स्थायित्व र सहमतिको वातावरण बलियो हुने अपेक्षा गरिएको छ।

# मेयर रीना कुमारी साह "५० प्रभावशाली महिला २०८२" सूचीमा प्रथम, मौलापुरको विकास मोडेललाई राष्ट्रिय सम्मान

***चैत २३, काठमाडौं –***

अनलाइनखबरले सार्वजनिक गरेको '५० प्रभावशाली महिला २०८२' सूचीमा रीना कुमारी साह पहिलो स्थानमा परेकी छन्। मौलापुर नगरपालिकाको विकास मोडेललाई उच्च मूल्यांकन गर्दै उनलाई यो राष्ट्रिय सम्मान प्रदान गरिएको हो। काठमाडौँमा आयोजित विशेष समारोहमा सपना प्रधान मल्ल ले मेयर साहलाई सम्मान पत्र हस्तान्तरण गरेकी थिइन्। कार्यक्रममा समाजका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।






मेयर साहको नेतृत्वमा मौलापुर नगरपालिकामा पूर्वाधार विकास, सामाजिक रूपान्तरण, दलित तथा विपन्न समुदायका लागि लक्षित कार्यक्रम, शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार भएको छ। विशेषगरी एकीकृत बस्ती निर्माण, सडक विस्तार, सरसफाइ र जनमैत्री सेवा प्रवाहमा उनको

बाँकी तेस्रो पृष्ठमा

# सुशासनका लागि सांसद अरविन्द साहको पहल : प्रशासनलाई १२ बुँदे सुझाव

***संवाहक सम्वाददाता**-२३चैत्र, कलैया*

बारा निर्वाचन क्षेत्र-३ का सांसद अरविन्द साहले बारा जिल्लामा सुशासन कायम गर्न प्रशासनलाई १२ बुँदे सुझाव सहित औपचारिक पत्र पठाएका छन्। जिल्ला प्रशासन कार्यालय कलैयाका प्रमुखलाई सम्बोधन गर्दै उनले शान्ति, सुरक्षा र सेवा प्रवाह प्रभावकारी बनाउन ठोस कदम चाल्न आग्रह गरेका हुन्। सांसद साहले पत्रमार्फत प्रशासनको हालसम्मको प्रयासप्रति सम्मान व्यक्त गर्दै आफ्नो व्यक्तिगत तथा पार्टीको तर्फबाट पूर्ण समर्थन जनाएका छन्। साथै, सुशासनलाई व्यवहारमा उतार्न सेवाग्राही मैत्री वातावरण, पारदर्शिता र जवाफदेहितामा विशेष जोड दिएका छन्।



उनले प्रशासनिक आचरण सुधारअन्तर्गत सेवाग्राहीसँग मीठो बोली प्रयोग गर्न, वृद्ध, अशक्त तथा महिलालाई प्राथमिकता दिन र अशिक्षित वा भाषागत समस्या भएका नागरिकलाई सहजीकरण गर्नुपर्ने बताएका छन्। कार्यालय परिसर र शौचालयको सरसफाई तथा व्यवस्थित वातावरण निर्माणमा पनि ध्यान दिनुपर्ने उनको सुझाव छ।

सेवा प्रवाह सुधारतर्फ उनले हेल्प डेस्कलाई सक्रिय बनाउने, फोन, इमेल तथा सामाजिक सञ्जालमार्फत आउने गुनासा सम्बोधन गर्ने र एकद्वार प्रणाली लागू गर्नुपर्ने बताएका छन्। साथै, प्रत्येक सेवाका लागि आवश्यक कागजात, समयसीमा र शुल्कबारे स्पष्ट जानकारी नागरिक वडापत्रमार्फत उपलब्ध गराउनुपर्नेमा जोड दिएका छन्। त्यसैगरी, सेवाग्राहीलाई फोन वा एसएमएस मार्फत समयमै सूचना दिने, महिला, वृद्ध तथा अशक्तका लागि आराम कक्ष र स्तनपान कक्षको व्यवस्था गर्ने तथा कार्यालयमै फारम भर्न सहयोग उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने सुझाव पनि उनले दिएका छन्।

भिड व्यवस्थापन र कानुनी

बाँकी तेस्रो पृष्ठमा

# निजी विद्यालयले लिन सक्ने शुल्क र कानुनी सीमा निर्धारण

***२३ चैत्र, काठमाडौं –***

नयाँ शैक्षिक सत्र नजिकिँदै जाँदा निजी विद्यालयहरूले लिने शुल्कबारे अभिभावकहरूको गुनासो बढेपछि शिक्षा मन्त्रालयले स्पष्ट निर्देशन जारी गरेको छ। भर्ना, वार्षिक तथा अन्य विभिन्न शीर्षकमा जथाभावी शुल्क लिने प्रवृत्ति बढेको भन्दै मन्त्रालयले ध्यानाकर्षण जनाएको हो। मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाका अनुसार शैक्षिक सत्र सुरु हुनुअघि नै विद्यार्थी भर्ना गरेर अत्यधिक शुल्क असुल्ने गतिविधि बढेकाले यस्तो कार्य रोक्न चेतावनी दिइएको छ। साथै, अदालतको आदेशअनुसार शैक्षिक सत्र सुरु भएपछि मात्र भर्ना प्रक्रिया गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्न पनि विद्यालयहरूलाई निर्देशन दिइएको छ।




सरकारले जारी गरेको "संस्थागत (निजी) विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२" अनुसार निजी विद्यालयहरूले निश्चित १४ शीर्षकभित्र मात्रै शुल्क लिन पाउँछन्। ती शीर्षकमा भर्ना, वार्षिक, मासिक पढाइ, धरौटी, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास (होस्टल), भोजन/खाजा, यातायात, शैक्षिक भ्रमण, अन्तरविद्यालय प्रतियोगिता तथा शैक्षिक सामग्री समावेश छन्। यसबाहेक अन्य कुनै पनि शीर्षकमा शुल्क असुल गर्न पाइँदैन।

निर्देशिकाले शुल्कको सीमा पनि तोकेको छ–भर्ना शुल्क एकपटक मात्र लिन पाइने र त्यो सम्बन्धित कक्षाको मासिक शुल्कभन्दा बढी हुन नहुने व्यवस्था छ। त्यस्तै, वार्षिक शुल्क अधिकतम दुई महिनाको मासिक शुल्क बराबर मात्र लिन पाइनेछ भने मासिक शुल्क १२ महिनाभन्दा बढी लिन पाइँदैन। परीक्षा र शैक्षिक सामग्री शुल्कमा पनि कडाइ गरिएको छ। परीक्षा शुल्क मासिक शुल्कको ५० प्रतिशतभन्दा बढी लिन पाइँदैन र यसभित्र परीक्षा सञ्चालनसँग सम्बन्धित सबै खर्च समेट्नुपर्नेछ। शैक्षिक सामग्रीबापत भने वर्षमा एकपटक मात्र, मासिक शुल्कको १० प्रतिशतसम्म लिन पाइने व्यवस्था गरिएको छ। यस्ता सबै शुल्क सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराएर मात्र लागू गर्न पाइने प्रावधान पनि अनिवार्य छ।

होस्टल, खाना तथा यातायातजस्ता सेवा सम्बन्धी शुल्क भने विद्यालयले एकतर्फी तोक्न पाउँदैनन्। यी शुल्क सम्बन्धित सेवा प्रयोग गर्ने विद्यार्थीका अभिभावकहरूको भेलाबाट सहमति लिएर निर्धारण गर्नुपर्ने हुन्छ। विशेषगरी यातायात शुल्कका लागि कम्तीमा दुईतिहाइ अभिभावकको स्वीकृति आवश्यक पर्ने व्यवस्था गरिएको छ, जसले पारदर्शिता र सहमतिमा आधारित शुल्क निर्धारणलाई सुनिश्चित गर्छ। यदि कुनै विद्यालयले निर्देशिका

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।